# स्वर्गमा भएको परमेश्वरको पवित्र मन्दिर
# (The Heavenly Home of God)

लेखकः
**मार्टिन प्रोबसाइट**

अनुवादक
**भजुराम श्रेष्ठ**

**नेपाल सेक्सन अभ्‚सेभेन्थ-डे एडभेन्टिस्ट चर्च**
( Nepal Section of Seventh-Day Adventist Church)

यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:
१२५०१ ओल्ड कोलम्विया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादकः जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: ली अलेक्जेण्डर ग्रीभ
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्नेः जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग**

प्रथम संस्करण : २०७० (२०१३)
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
प्रकाशन सहयोगी - अमर पोते
कम्प्यूटर लेआउट तथा आवरण चित्र
सुजीत कुमार साह

प्रुफ शोधक: माया तामाङ्ग

**(बाइबल साथमा लिएर यस पुस्तकलाई अध्ययन गर्नुहोला)**

अनुवादकको अनुरोधः पाठकवृन्धहरूले यस अध्ययनमा भएका त्रुटिहरू औंल्याएर सुधार गर्न सुझाव दिनुभएमा अनुवादक आभारित हुनेछन्

**प्रकाशकः**
पा. उमेश कुमार पोखरेल,
६६३७१८१, "Umesh Pokharel" <umesh.shantipokharel@gmail.com>,
एल्डर भजुराम श्रेष्ठ, ☎ ५५२७८३० **bhajupurna@gmail.com**

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उद्‍धृत गरिएका छन्। उक्त संस्थाको अनुमतीले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्‍धृत गरिएका छन्।

# भूमिका

## त्रीएक परमेश्वरले मानव कल्याणको निम्ति तर्जुमा गर्नुभएको मुक्तिको योजनाको चित्रण

परमेश्वरको प्रेमको उत्कृष्ट उदाहरण हेर्ने हो भने क्रुस नै हेर्नुपर्छ भनेर बाइबलमा आस्था राख्नेहरूको धारणा छ। सारा संसारका पापहरूको निम्ति बलि हुन प्रभु येशू ख्रीष्टले क्रुसमा आफूलाई सुम्पन्नु भएको थियो। तर त्यस महान् बलिदानको अर्थ के हो सो हामीले राम्ररी बुझुन् भनेर परमेश्वर चाहनु हुन्छ र त्यसको भेद खुलाउन पनि उहाँले हामीलाई सिकाउन चाहनुहुन्छ। यस पृथ्वीमा पवित्र बासस्थान वा पवित्र मन्दिरको रूपरेखा तयार गरेर मुक्तिको योजनाको खाका उहाँले देखाउनुभएको थियो। तर यस पृथ्वीमा भएको परमेश्वरको मन्दिरचाहिँ स्वर्गको मन्दिरको केवल नमूनामात्रै हो। परमेश्वरको उपस्थितिको निम्ति र सारा जगतमा उहाँको काम गर्ने सत् केन्द्रस्थलचाहिँ स्वर्गको पवित्र मन्दिर वा वासस्थान हो।

त्यसैकारण यस पृथ्वीमा पवित्र मन्दिर कसरी बनाउने हो भनेर परमेश्वरले मोसालाई अऱ्हाउनुभएको थियो। मुक्तिको योजनाको विद्या सिकाउन त्यस मन्दिरलाई शिक्षण औजारको रूपमा प्रयोग गर्न परमेश्वरले योजना बनाउनुभएको थियो। मुक्तिको सही अर्थ, परमेश्वरको सत् चरित्र र अन्तमा पाप कसरी अन्त्य हुन्छ भन्ने विद्या इस्राएलीहरूले सिक्नु आवश्यक थियो। विभिन्न विधि तथा संस्कारहरूद्वारा ती महत्त्वपूर्ण विद्या सिकुन् भनेर इस्रायलीहरू माझ त्यस पवित्र मन्दिर स्थापना गरिएको थियो।

प्रभु येशू ख्रीष्ट नै हाम्रो मूल पुरोहित र बलि हुनुहुन्छ भन्ने आत्मज्ञान प्राप्त गर्न यस पृथ्वीमा भएको परमेश्वरको पवित्र बासस्थान नमूनाको रूपमा प्रस्तुत भएको थियो। एक दिन जब येशू हिँड्दै हुनुहुन्थ्यो, तब बप्तिस्मा दिने यूहन्नाले उहाँलाई औँल्याउँदै आफ्ना चेलाहरूलाई भन्नु भयो, “लौ हेर, परमेश्वरको थुमा जसले संसारको पापलाई हटाउनु हुन्छ!" (यूहन्ना १:२९ रूपान्तरित)। उनका चेलाहरूले यरुशलेममा भएको पवित्र मन्दिरमा हुने बलि र सेवाकार्य हेरेका थिए। त्यसैलाई मध्य नजर राखेर त्यसलाई नमूनाको रूपमा गर्दै यूहन्नाले सम्बोधन गरेका थिए भनेर तिनीहरूले बुझेका थिए। हिब्रूको पुस्तक ती येशूका भक्तहरूलाई लेखेका थिए जो यहूदी थिए र पछि उहाँ नै मुक्तिदाता हुनुहुन्छ भनेर ग्रहण गरेका थिए। बाइबलको समयमा मन्दिरमा हुने सेवाकार्यमा

इस्राएली पूजारीको भूमिकाको बारेमा स्पष्ट ज्ञान ती इसाई भएका यहूदीहरूलाई थाहा नै भएको हुनुपर्छ भन्ने आधारमा हिब्रूको पुस्तक लेखिएको थियो। त्यस आत्मज्ञान तिनीहरूमा भएकै कारणले स्वर्गमा येशूले के गरिरहनुभएको थियो सो को बारेमा बुझ्न पाठकहरू सक्षम् छन् भनेर त्यस पुस्तकको लेखकले अनुमान गरेका थिए। येशूभक्त हुँ भनेर दावी गर्नेहरूको जीवनशैली कस्तो हुनुपर्छ भन्ने सतज्ञान पनि परमेश्वरको मन्दिरमा हुने विभिन्न विधिहरूले सिकाउँदछन्। संक्षेसमा भन्ने हो भने, पवित्र मन्दिरमा हुने विविध क्रियाकलापको आधारमा खीष्टमा मुक्ति पाउँछ भन्ने नयाँ ज्ञान त्यस समयका येशूभक्तहरूले पाएका थिए।

तर समय वित्दै जाँदा परमेश्वरको पवित्र मन्दिरमा हुने विधिप्रणालीको सन्देश इसाई इतिहासमा प्रायजसो बिर्सन थालेको थियो। तर मध्य अठान्हौ शताव्धीमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको उदयले परमेश्वरको मुक्तिको योजनाको नमूना त्यस पवित्र मन्दिरमा हुने विविध विधिले सिकाउँछ भन्ने आवाज पुनः उठाउन थालेको थियो। सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले पवित्र मन्दिरको क्रियाकलापको बारेमा उठाएको आवाज वा आत्मज्ञानमा येशूको दोस्रो तेजस्वीमय आगमन पहिले न्यायको काम सम्पन्न हुनेछ भन्ने सन्देश पनि समावेश गरिएको छ। यो ज्ञान कतिपयको निम्ति नौलो नै छ।

(सन् १८४४को अक्टोबर महिनामा येशू आउनुहुनेछ भनेर प्रतिज्ञा गर्दै अमेरिकामा विभिन्न सम्प्रदायका इसाईहरू भेलाभएका थिए। तर जब तिनीहरूले प्रतिज्ञा गरेको मितिमा येशू आउनुभएन तब तिनीहरूमा महान् निराशको बादलले छोपेको थियो। त्यसले गर्दा हजारौं इसाईहरू चर्च जान छोडे, येशूमाथिको विश्वास पनि तोडे। तर एउटा सानो झुण्डचाहिँ त्यो निराशलाई मध्य नजर राखेर बाइबलका भविष्यवाणीहरूका रहस्यलाई अझ राम्ररी बुझ्न दिनरात प्रार्थना गर्दै अध्ययन गरेका थिए। कतिपय मानिसहरू परमेश्वरमाथिको आस्था र चर्चलाई नै त्यागेको अवस्थामा त्यो सानो झुण्ड लगनशीलतासाथ बाइबल अध्ययन गर्दा तिनीहरूलाई येशू यस संसारमा तत्कालै नआउनुको रहस्य खुलाइ दिएका थिए। त्यो झुण्डलाई कालान्तरमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च भनेर नामाङ्करण गरिएको थियो। सेभेन्थ-डेको अर्थ परमरप्रभु सनातनका परमेश्वर नै एकमात्र सृष्टिकर्ता हुनुहुन्छ भन्ने सबूद प्रमाण शव्बथ दिन वा शनिवार दिन हो भनेर जिकिर गर्नु र येशूको दोस्रो आगमन तेजस्वीमयतरिकाले हुनेछ भन्ने आत्मज्ञानलाई पकडी राख्नु हो।-अनुवादकको वाख्या)। “

परमेश्वरको पवित्र बासस्थानको विषयवस्तु नै सन् १८४४मा येशू नआउनुभएको रहस्यलाई खुलाउने साँचो हो। जब विश्वासीहरू तल्लिन भएर त्यस विषयलाई गम्भिर रूपमा अध्ययन गरे तब सत्यलाई विस्तृत रूपमा बुझेका थिए। (पवित्र मन्दिरमा हुने सम्पूर्ण सेवाकार्यको प्रणालीले धर्म, पाप र त्यसको समाधानको वास्तविकता देखाउँदछ)। दोस्रो आगमनको बुलन्द आवाज उठाउने अभियानमा परमेश्वरको हात थियो र यस संसारमा त्यस अभियानमा लागेका विश्वासीहरूको काम र भूमिकामा उहाँको अगुवाई थियो भनेर पवित्र बासस्थानको अध्ययनले पत्ता लाउन मद्दत गरेको थियो।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ४२३बाट रूपान्तरित)।

पवित्र बासस्थानमा हुने सम्पूर्ण सेवाकार्य र त्यसमा ख्रीष्टको मूल पूजारीको भूमिकामा नै मानिसको मुक्तिको निम्ति परमेश्वरले चाल्नु भएको कदमको यथार्थ वाख्या गरिएको पाइएको छ। सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको विश्वासको आधार नै पवित्र मन्दिरमा हुने सम्पूर्ण क्रियाकलापले बताएको सत्य थियो र अहिले पनि यस चर्चलाई चिनारी गर्ने धेरै बिल्लाहरूमा त्यो आत्मज्ञान धरोहरको रूपमा खडा भइरहेको छ। साँच्चिकै भनौं भने, पवित्र बासस्थानमा हुने क्रियाकलापबाट पाउने सन्देशलाई जुन रूपमा सेभेन्थ-डे एडभेन्टिस्टले बुझिएको छ त्यो सन्देश अरू कुनै चर्च संम्प्रदाय वा डिनोमिनेशनमा सिकाएको पाइएको छैन। फेरि त्यसै समयमा, सेभेन्थ-डे एडभेन्टिस्टहरूको शिक्षादिक्षामा परमेश्वरको पवित्र मन्दिरको बारेमा जानेको विद्यालाई जस्तो चुनौती अरू कुनै शिद्धान्तले सामना गरेको छैन (हुनसक्छ शाबथको बारेमा सिकाएको विद्यामा बाहेक)। तर भाग्यबस, समय वित्दै जाँदा ती चुनौतीपूर्ण विषयहरूको पक्षमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले राम्रैसँग सामना गरिरहेको पाइएको छ। परमेश्वरको मन्दिरको महत्त्वपूर्ण विद्याको बारेमा दिनप्रतिदिन राम्ररी बुझ्दै गइरहेकाछौं। स्वर्गमा भएको परमेश्वरको पवित्र मन्दिर र यस पृथ्वीमा उहाँले मोसालाई दिनुभएको निर्देशन अनुसार स्थापना भएको पवित्र बासस्थानको आत्मज्ञान हामीमा भएको कारणले परमेश्वरको मुक्तिको योजनाको बारेमा गहिरो र राम्रोसँग बुझ्न सकिरहेकाछौं।

परमेश्वरको पवित्र मन्दिरको बारेमा नजिकसँग ध्यान दिएर अध्ययन गर्नु पर्छ भनेर सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको संस्थापक सदस्य एलेन जी ह्वाइटले सुझाव दिनुभएको छ। त्यो किन त भन्दा, "सारा मानिसहरूको निम्ति ख्रीष्टको कामको केन्द्रविन्दु स्वर्गमा भएको पवित्र मन्दिर हुन गएकोले हो।

त्यस मन्दिरमा भएको क्रियाकलापले यस संसारमा भएको प्रत्येक मानिससँग सरोकार राखिएको हुन्छ। प्रत्येक मानिसको निम्ति परमेश्वरले तयार गर्नुभएको मुक्तिको योजनालाई त्यस मन्दिरले देखाउँदछ। संसारको अन्तको बारेमा त्यसले हामीलाई ज्ञान दिलाउँछ। पापको विरुद्धमा परमेश्वरका जनहरूले गरिरहेको संग्राम कसरी समाप्त हुन्छ भन्ने आत्मज्ञान त्यस मन्दिरमा हुने क्रियाकलापले बताउँदछ। त्यसैकारणले सबै जनाले पवित्र मन्दिरको विषयवस्तु पढ्नु अत्यन्त महत्त्वपूर्ण ठान्नु पर्दछ।"–एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ४८८बाट रूपान्तरित।

पवित्र मन्दिरले परमेश्वरको हृदयलाई उदाङ्ग पार्दछ। यदि हामीले परमेश्वरको पवित्र मन्दिरको बारेमा पढ्यौं भने हामी परमेश्वरको सम्मुख नजिकै भइरहेको भेट्टाउनेछौं। त्यसले हाम्रो मुक्तिदाताको व्यक्तित्वलाई पनि राम्रैसँग चिनाइदिन्छ। परमेश्वरको पवित्र मन्दिरको बारेमा अध्ययन गर्दा हामी परमेश्वरसँग व्यक्तिगत रूपमा गहिरो सम्बन्ध राख्न अगुवाई गर्दछ।

त्यसकारण, स्वर्गमा भएको परमेश्वरको वास्तविक मन्दिर र त्यसको नमुनाको रूपमा यस संसारमा भएको उहाँको बासस्थानको बारेमा तयार गरिएको यस आत्मिक अध्ययन पुस्तिकालाई ध्यानपूर्वक अध्ययन गर्न यस सामग्रीको लेखक र प्रकाशक हार्दिक अनुरोध गर्दछन्।

*यस पुस्तकको लेखक मार्टिन प्रोबस्टल हो। उहाँ आफ्नी श्रीमती मरियान र दुई सुपुत्र माक्स र जोनाथानको साथ युरोपको अस्ट्रियामा रहनुहुन्छ। उहाँ अस्ट्रियामा रहेको सेमिनार स्कलस बगेनोफनमा हिब्रू भाषाको प्रोफेसरको रूपमा कार्यरत हुनुहुन्छ।*



# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १ | स्वर्गमा भएको परमेश्वरको पवित्र... | १ |
| २ | यसै पृथ्वीमा स्वर्गको अनुभुति | १७ |
| ३ | बलिहरु | ३३ |
| ४ | परमेश्वरको मन्दिरबाट सिक्ने... | ५१ |
| ५ | प्रायश्चति वा क्षमाको विधि | ६७ |
| ६ | प्रायश्चतिको दिन | ८० |
| ७ | येशू ख्रीष्ट, हाम्रो बलि | ९४ |
| ८ | ख्रीष्ट, हाम्रो पुरोहित | ११० |
| ९ | येशू दोस्रो पटक... | १२६ |
| १० | इस्काटोलोजिकल | १४२ |
| ११ | भविश्यवाणीबाट हामीले पाएको.. | १६१ |
| १२ | परमेश्वरको चरित्रप्रति छेडिएको.. | १७७ |
| १३ | स्वर्गको पवित्र मन्दिरबाट... | १९३ |

# अस्थाई पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन – पुष १३, २०७० (डिसेम्बर २८,२०१३)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असोज-१२-१८,२०७० (सेप्टेम्बर २८-अक्टोबर ४) |
| २ | अध्याय २ | असोज १९-२५ (अक्टोबर ५-११) |
| ३ | अध्याय ३ | असोज २६-कार्तिक १ (अक्टोबर १२-१८) |
| ४ | अध्याय ४ | कार्तिक २-८ (अक्टोबर १९-२५) |
| ५ | अध्याय ५ | कार्तिक ९-१५ (अक्टोबर २६-नभेम्बर १) |
| ६ | अध्याय ६ | कार्तिक १६-२२ (नभेम्बर २-८) |
| ७ | अध्याय ७ | कार्तिक २३-२९ (नभेम्बर ९-१५) |
| ८ | अध्याय ८ | मङ्सिर १-७ (नभेम्बर १६-२२) |
| ९ | अध्याय ९ | मङ्सिर ८-१४ (नभेम्बर २३-२९) |
| १० | अध्याय १० | मङ्सिर १५-२१ (नभेम्बर ३०-डिसेम्बर ६) |
| ११ | अध्याय ११ | मङ्सिर २२-२८ (डिसेम्बर ७-१३) |
| १२ | अध्याय १२ | मङ्सिर २९-पौष ५ (डिसेम्बर १४-२०) |
| १३ | अध्याय १३ | पौष ६-१२ (डिसेम्बर २१-२७) |

प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| अध्याय / बार | | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|---|
| १ | असोज-१२-१८,२०७० (सेप्टेम्बर २८-अक्टोबर | | | | | | | |
| २ | असोज १९-२५ (अक्टोबर ५-११) | | | | | | | |
| ३ | असोज २६-कार्तिक १ (अक्टोबर १२-१८) | | | | | | | |
| ४ | कार्तिक २-८ (अक्टोबर १९-२५) | | | | | | | |
| ५ | कार्तिक ९-१५ (अक्टोबर २६-नभेम्बर १) | | | | | | | |
| ६ | कार्तिक १६-२२ (नभेम्बर २-८) | | | | | | | |
| ७ | कार्तिक २३-२९ (नभेम्बर ९-१५) | | | | | | | |
| ८ | मङ्सिर १-७ (नभेम्बर १६-२२) | | | | | | | |
| ९ | मङ्सिर ८-१४ (नभेम्बर २३-२९) | | | | | | | |
| १० | मङ्सिर १५-२१ (नभेम्बर ३०-डिसेम्बर ६) | | | | | | | |
| ११ | मङ्सिर २२-२८ (डिसेम्बर ७-१३) | | | | | | | |
| १२ | मङ्सिर २९-पौष ५ (डिसेम्बर १४-२०) | | | | | | | |
| १३ | पौष ६-१२ (डिसेम्बर २१-२७) | | | | | | | |